जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक ३५१ • २०८३ असोज २३ गते शुक्रवार • 9 Oct. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# यातायात व्यवस्था कार्यालयमा स्वीकृत दरबन्दीभन्दा बढी कर्मचारी कार्यरत



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २२ असोज

मधेश प्रदेश सरकार अन्तर्गतका यातायात व्यवस्था कार्यालयमा स्वीकृत दरबन्दीभन्दा बढी कर्मचारी कार्यरत रहेको पाइएको छ । केही कर्मचारी लामो समयदेखि एउटै कार्यालयमा निरन्तर बस्दै आएको विषयले कर्मचारी व्यवस्थापन, सरुवा प्रणाली र राजनीतिक पहुँचबारेसमेत प्रश्न उठाएको हो । प्रदेशका विभिन्न यातायात कार्यालयमा स्वीकृत दरबन्दीअनुसार कर्मचारी व्यवस्थापन हुन नसकेको तथा फजूल कर्मचारीसमेत लामो समयदेखि संवेदनशील मानिने यातायात कार्यालयमै कार्यरत रहेको दाबी गरिएको छ ।

यसले कर्मचारीको नियमित सरुवा, दरबन्दी मिलान र सेवा प्रवाहमा अपनाइनुपर्ने प्रशासनिक मापदण्ड कार्यान्वयनबारे प्रश्न खडा गरेको हो । जनकपुरधामस्थित यातायात व्यवस्था कार्यालयमा २१ जना कर्मचारीको दरबन्दी रहेकोमा २४ जना कार्यरत रहेको दाबी गरिएको छ । त्यहाँ शाखा अधिकृतको तीन दरबन्दी रहेकोमा चार जना तथा सहायक शाखा अधिकृतको पाँच दरबन्दी रहेकोमा ६ जना कार्यरत रहेका छन् । दरबन्दीभन्दा बढी रहेका कर्मचारीमध्ये शाखा अधिकृत चन्देश्वर साह र सहायक शाखा अधिकृत धर्मराज पौडेल फजूलमा रहेको दाबी गरिएको छ । उनीहरू लामो समयदेखि सोही कार्यालयमा कार्यरत रहेको विषयमा समेत प्रश्न उठाइएको छ । सहायक शाखा अधिकृत धर्मराज पौडेल विगत करिब सात वर्षदेखि यातायात व्यवस्था कार्यालय जनकपुरधाममै कार्यरत रहेको दाबी गरिएको छ । उनी कर्मचारी संगठनसँग आबद्ध रहेर प्रभावशाली भूमिका निर्वाह गर्ने गरेको र त्यसैको प्रभावका कारण लामो समयदेखि एउटै कार्यालयमा रहन सफल भएको आरोप केही पक्षबाट लगाइएको छ । प्रदेश निजामती सेवा ऐन तथा नियमावलीले कर्मचारी व्यवस्थापन, पदस्थापन र सरुवासम्बन्धी व्यवस्था गरेको छ । मधेश प्रदेश सरकारले प्रदेश निजामती सेवा ऐन, २०७७ र प्रदेश निजामती सेवा नियमावली, २०७९ लागू गरेको छ ।

मधेश प्रदेशमा कर्मचारी सरुवासम्बन्धी कार्यविधिले पनि कर्मचारीको सरुवा निश्चित प्रक्रियाबाट गर्नुपर्ने व्यवस्था गरेको देखिन्छ । उपलब्ध सरकारी कार्यविधिअनुसार अधिकृत दशौँ तहभन्दा तलका कर्मचारीलाई सरुवा गर्दा अवधि तोक्ने व्यवस्था छ । दरबन्दी मिलान, नयाँ दरबन्दी सिर्जना, गलत पदस्थापन वा अन्य प्रशासनिक कारणमा आवश्यक प्रक्रिया पूरा गरी सरुवा गर्न सकिने व्यवस्था पनि उल्लेख छ । यसैकारण कुनै कर्मचारी वर्षौंसम्म एउटै कार्यालयमा रहनुको कारण के हो भन्ने प्रश्न स्वाभाविक रूपमा उठेको छ । यदि कुनै कर्मचारी फजूलमा छन् भने उनीहरूलाई स्वीकृत दरबन्दीअनुसार अन्य कार्यालयमा व्यवस्थापन गर्ने कि त्यही कार्यालयमा राखिरहने भन्ने विषय सम्बन्धित मन्त्रालय र प्रशासनिक निकायले स्पष्ट गर्नुपर्ने देखिन्छ ।

सेवा प्रवाहसँग प्रत्यक्ष जोडिएका यातायात कार्यालयमा दरबन्दीभन्दा बढी कर्मचारी राख्दा एकातर्फ स्वीकृत दरबन्दी भएका अन्य कार्यालयमा जनशक्ति अभाव हुनसक्ने र अर्कोतर्फ एउटै कार्यालयमा कर्मचारीको असन्तुलित उपस्थितिले प्रशासनिक व्यवस्थापनमा प्रश्न उठ्न सक्ने अवस्था हुन्छ । त्यस्तै, समस्या सर्लाहीको मलंगवा यातायात कार्यालयमा समेत रहेको दाबी गरिएको छ । उक्त कार्यालयमा सहायक शाखा अधिकृतको दुई दरबन्दी रहेकोमा तीन जना कार्यरत रहेको दाबी छ । अतिरिक्त कर्मचारीका रूपमा सहायक शाखा अधिकृत छविन्द्रबहादुर योञ्जन कार्यरत रहेको बताइएको छ । योञ्जन पनि कर्मचारी संगठनसँग आबद्ध रहेको र सोही कारण लामो समयदेखि कार्यालयमा रहन सकेको आरोप लगाइएको छ । तर, उनको कार्यरत अवधि, फजूल अवस्था, पदस्थापनको निर्णय तथा त्यसमा कुनै राजनीतिक हस्तक्षेप भएको वा नभएको विषयमा आधिकारिक कागजात र सम्बन्धित निकायको धारणा आवश्यक छ ।

मलंगवा कार्यालयमा समेत स्वीकृत दरबन्दी र वास्तविक कर्मचारी संख्याबीच अन्तर रहेको हो भने त्यसको कारण सार्वजनिक गर्नुपर्ने माग उठ्न सक्छ । **सरुवा प्रणालीमै प्रश्न:** मधेश प्रदेश सरकारले पछिल्लो समय कर्मचारी सरुवा तथा पदस्थापनका निर्णयहरू सार्वजनिक गर्दै आएको छ । श्रम तथा यातायात मन्त्रालयको वेबसाइटमा २०८३ असोज १५ गते मन्त्रीस्तरीय निर्णयअनुसार सरुवा तथा पदस्थापनसम्बन्धी सूचना प्रकाशित भएको छ । त्यसअघि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समेत विभिन्न तहका कर्मचारीको सरुवा, कामकाज तथा दरबन्दी व्यवस्थापनसम्बन्धी निर्णय सार्वजनिक गर्दै आएको देखिन्छ ।

यस्तो अवस्थामा वर्षौंदेखि एउटै कार्यालयमा कार्यरत भनिएका कर्मचारीहरूको व्यवस्थापन किन हुन सकेन भन्ने प्रश्न थप गम्भीर बनेको छ । यदि कुनै कर्मचारीको लामो समय एउटै कार्यालयमा बसाइ प्रशासनिक आवश्यकता, विशेष जिम्मेवारी वा कार्यालयको जनशक्ति आवश्यकताका कारण हो भने त्यसको आधार के हो भन्ने सार्वजनिक हुनुपर्ने देखिन्छ ।




# अब नयाँ ढंगबाट संगठन निर्माण गर्नुपर्ने : निधी

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २२ असोज



नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले पार्टी वैचारिक तथा सांगठनिक रूपमा विभाजित भएको दाबी गर्दै अब नयाँ ढंगबाट संगठन निर्माण गर्नुपर्ने बताएका छन् । जनकपुरधाममा नेपाली कांग्रेस धनुषाको १५औँ जिल्ला अधिवेशनमा प्रमुख अतिथिको आसनबाट बोल्दै नेता निधिले विशेष महाधिवेशनपछि कांग्रेस दुई धारमा विभाजित भएको दाबी गरेका हुन् ।

कांग्रेस विभाजनको मुख्य जिम्मेवार विशेष महाधिवेशन आह्वान गर्ने पक्ष नै रहेको उनको आरोप थियो । लोकतन्त्र बहुमतको अंकमा मात्र सीमित नहुने भन्दै निधिले पार्टी सञ्चालनमा प्रक्रिया र पद्धतिको पनि उत्तिकै महत्व हुने बताए । निर्वाचन आयोगमा पेस गरिएको विवरणअनुसार आफूहरूको पक्षमा ४६ प्रतिशत आधार रहेको दाबी गर्दै उनले त्यसलाई बेवास्ता गरेर गरिएका निर्णय स्वीकार्य नहुने जिकिर गरे । विशेष महाधिवेशनपछि विकसित घटनाक्रमले तत्काल पार्टी एकता सम्भव नदेखिएको भन्दै निधिले अब संगठनलाई नयाँ ढंगले अघि बढाउनुपर्ने बताए ।

उनले विगतमा पनि कांग्रेसभित्र देखिएका विभाजन र मतभेद समयक्रममा समाधान भएको स्मरण गर्दै भविष्यमा परिस्थिति परिवर्तन हुनसक्ने धारणा राखे । निधिले आगामी स्थानीय तहको निर्वाचनलाई लक्षित गर्दै कार्यकर्तालाई वडा तहदेखि नै संगठन विस्तारमा सक्रिय हुन आग्रह गरे । युवा पुस्तालाई नेतृत्वमा ल्याउनुपर्नेमा जोड दिँदै उनले आफू वैचारिक रूपमा सक्रिय रहेको र पार्टी पुनर्निर्माणमा निरन्तर लागिरहने बताए । पञ्चायतकालको उदाहरण दिँदै उनले संगठन बलियो भए कठिन परिस्थितिसमेत पार गर्न सकिने भएकाले कार्यकर्तालाई निराश नहुन आग्रह गरे ।

जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि




# स्वतन्त्र भएर कामगर्ने अवसर दिनुपर्छ

सार्थक र प्रभावकारी बजार अनुगमन मार्फत उपभोक्ताको हित संरक्षण गर्न अबको बाटो भनेको पहिलो, बजार अनुगमनको कार्ययोजना तयार गर्ने र दोस्रो, बजार अनुगमनलाई नियमित, आकस्मिक (छड्के) र विशेष गरी तीन तरिकाबाट सक्रिय पार्ने । बजारमा वस्तुको मूल्यवृद्धि हुनुमा ढुवानीमा हुने सिन्डिकेट, थोक विक्रेताले गर्ने कार्टेलिङ र बिचौलियाले लिने कमिसन मूल कारण भएको हुँदा यिनलाई कानुनको दायरामा ल्याउने । वस्तुको पैठारीमा हुने न्यून बिजकीकरणलाई नीतिगत निर्णयमार्फत भन्सार मूल्यांकनमा सुधार गर्ने । आपूर्ति व्यवस्थालाई नियमित गर्न सरकारी संस्थान र ठुला व्यावसायिक घरानाका गोदाममा भण्डारण भएको चामल, दाल, चिनी, नुन, सिमेन्ट, छड आदि वस्तुको परिमाण अध्यावधिक गर्नुपर्छ । बजार अनुगमनलाई दुर्गम क्षेत्रका ग्रामीण तहसम्म पुऱ्याउन प्रत्येक पालिकामा रहेको स्थानीय बजार अनुगमन समितिलाई सक्रिय तुल्याउनुपर्ने आवश्यकता रहेको देखिन्छ । आजको आवश्यकता भएको सुशासन रहेको छ। सुशासनको मेरुदण्ड जिम्मेवार प्रशासन रहेका छन । प्रशासनको अभिन्न अंग निजामती सेवा रहेको छ । निजामती सेवाका आधारस्तम्भ सेवामा आबद्ध कर्मचारी रहेको छ। कर्मचारीलाई आफ्नो सेवाप्रति जिम्मेवार बनाउन आवश्यक रहेको देखिन्छ। यसको लागि सरकारले जिम्मेवार प्रशासकलाई बिना कुनै दबाब उच्च मनोबल र दृढ इच्छाशक्तिका साथ स्वतन्त्र भएर एक निश्चित समयसम्म काम गर्ने अवसर दिन सक्नुपर्ने देखिन्छ ।

# मकैबालीमा फौजी किराको प्रकोप देखिएपछि किसान चिन्तित

जलेश्वरटुडे समाचारदाता
सर्लाही, २२ असोज

सर्लाहीको चुरे क्षेत्रमा लगाइएको हिउँदे मकैबालीमा फौजी किराको प्रकोप देखिएपछि किसान चिन्तित बनेका छन् ।

फौजी किराले मकैको पात र गुबो खाएर बोट नै ठुटो बनाइदिएको किसानको गुनासो छ। उत्तरी चुरेभेगका घारिबथान, परवानीपुर, पत्थरकोट, नारायणखोला, अत्रौलीलगायत क्षेत्रका पाखोबारीमा लगाइएको हिउँदे साँठिया मकैबालीमा फौजी किराको प्रकोप देखिएको हो ।



सिँचाइ सुविधा नभएको चुरे क्षेत्रमा किसानले असार-साउनमा आकाशे पानी परेर बारीमा चिस्यान भएपछि हिउँदे मकै लगाउने गरेका छन्। ईश्वरपुर नगरपालिका-१२, गुइडुङ गाउँका वीरबहादुर थिङले पाखोबारीमा लगाएको मकैबालीमा फौजी किरा लागेर हैरान भएको बताउनुभयो । पछिल्ला केही वर्षदेखि बर्खे तथा हिउँदे दुवै यामको मकैबालीमा फौजी किराको प्रकोप बढ्दै जाँदा उत्पादन घट्दै गएको थिङले बताउनुभयो। उहाँले भन्नुभयो, "पाँच-सात वर्षदेखि फौजी किराले अत्यधिक क्षति गरिरहेको छ। जति औषधी छर्किए पनि नियन्त्रण हुन सकेको छैन।" फौजी किराले पात र गुबो खाएर मकैको बोट राम्रोसँग हुर्कन नदिँदा उत्पादन घटेको किसानले बताएका छन् । लालबन्दी नगरपालिकाको कृषि शाखाका प्रमुख गोकर्ण पौडेलले फौजी किराले मकैबालीलाई बढी क्षति पुऱ्याउने गरेको बताउनुभयो । फौजी किरा नियन्त्रण गर्न एउटै प्रकारको कीटनाशक औषधि निरन्तर प्रयोग नगरी बर्सेनि औषधी परिवर्तन गर्नुपर्ने कृषि शाखा प्रमुख पौडेलको भनाइ छ।

# जनकपुरधाममा हाल १०० युनिट रक्त भण्डार

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २२ असोज

नेपाल रेडक्रस सोसाइटी धनुषा जिल्ला शाखा, जनकपुरधाममा हाल १०० युनिट रक्त भण्डार रहेको छ । शाखाले बिहीबार सार्वजनिक गरेको रक्तभण्डार विवरणअनुसार विभिन्न रक्त समूह गरी ९२ युनिट होल ब्लड र ८ युनिट पीआरबीसी (प्याक्ड रेड ब्लड सेल) मौज्दात रहेको छ ।

बिहीबार सार्वजनिक गरिएको विवरणअनुसार 'ए पोजेटिभ', 'बी पोजेटिभ', 'ओ पोजेटिभ', 'एबी पोजेटिभ' तथा विभिन्न नकारात्मक रक्त समूहको रगत भण्डारण गरिएको छ । विवरणमा 'बी नेगेटिभ' रक्त समूहको मौज्दात शून्य रहेको जनाइएको छ । रेडक्रस धनुषाका सभापति पंकजकुमार महतोले रक्तको आवश्यकता जुनसुकै बेला पर्न सक्ने भएकाले नियमित रूपमा रक्तदान गर्ने संस्कारको विकास गर्नुपर्नेमा जोड दिएका छन् । सभापति महतोले भने, 'रक्तको विकल्प रगत नै हो। आपत्कालीन अवस्थामा बिरामीको जीवन बचाउन रगतको तत्काल आवश्यकता पर्न सक्छ ।

त्यसैले स्वस्थ व्यक्तिहरूले नियमित रूपमा रक्तदान गरी मानवीय सेवामा योगदान गर्नुपर्छ ।' उनले रक्तदानलाई आपत्कालीन




अवस्थामा गरिने कार्यका रूपमा नभई नियमित सामाजिक दायित्वका रूपमा विकास गर्नुपर्ने बताए । रक्तदानसम्बन्धि जनचेतना विस्तार गर्दै युवालाई समेत अभियानमा जोड्न आवश्यक रहेको उनको भनाइ छ । रेडक्रस धनुषाले आवश्यक परेका बिरामी तथा सेवाग्राहीलाई रक्त उपलब्ध गराउन रक्तभण्डार व्यवस्थापन गर्दै आएको जनाएको छ । शाखाले 'रक्तदान गरौं, जीवन बचाऔं' भन्ने सन्देशसहित नियमित रक्तदानका लागि सर्वसाधारणलाई आह्वानसमेत गरेको छ। रेडक्रसका अनुसार एक युनिट रक्तदानले आवश्यक परेको अवस्थामा कसैको जीवन बचाउन महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ । त्यसैले स्वस्थ व्यक्तिहरूलाई रक्तदानमा सहभागी हुन शाखाले आग्रह गरेको छ ।

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

अनुरोधकर्ता
नगराईन नगरपालिका कार्यालय
धनुषा, मधेश प्रदेश

## तपाईको टुडे

मेषः पिछडेको साथी मिल्ने
वृषः विचार गरेर बोल्नुहोला
मिथूनः मित्रतामा फाटो आउने
कर्कटः मनमा पछुतो आउने
सिंहः लामो यात्राको योग छ
कन्याः अनावश्यक चिन्ता
तुलाः शुभ कार्यको शुरुवात
वृश्चिकः अशुभ समाचार प्राप्त हुने
धनुः अनावश्यक खर्चको संभावना
मकरः पढाईमा ध्यान दिनुपर्ने
कूम्भः खानपानमा समस्या आउने
मीनः आम्दानी हुने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु




### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# नरेन्द्र मोदीको सार्वजनिक जीवनको २५ वर्ष पूरा, भारत विकसित नबनेसम्म नथाक्ने



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २२ असोज**

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले प्रधानमन्त्री र मुख्यमन्त्रीका रूपमा २५ वर्ष पूरा गरेका छन् । आफ्नो सार्वजनिक जीवनको २५ वर्ष पूरा भएको अवसरमा बुधबार विशेष कार्यक्रमको आयोजना भएको छ ।

सो अवसरमा उनले एक घण्टा लामो सम्बोधन गरेका छन् । सो क्रममा उनले भने, "भारत विकसित राष्ट्र नबनेसम्म म नथाक्नेछु न त रोकिनेछु" भनी दृढता व्यक्त गरेका छन् । उनले भने, "म कुनै महत्वाकांक्षाका लागि होइन, एउटा उद्धेश्यका लागि बाँच्छु। मलाई तल झार्न खोज्नेहरूले नै मलाई कसरी दृढतापूर्वक उभिने भनेर सिकाए। मेरो विरोध गर्नेहरूले मलाई लोकतन्त्रको वास्तविक शक्तिबारे सिकाए ।" उनले टिप्पणी गरे कि यी २५ वर्षलाई फर्केर हेर्दा उपलब्धिहरूमा ध्यान केन्द्रित गर्नुभन्दा कृतज्ञताको भाव जागृत हुन्छ। हरेक घटनाले उनलाई केही न केही सिकायो र विनम्रताको पाठ पढायो । सर्वशक्तिमान ईश्वरसँग उनको एउटै प्रार्थना छ कि सिक्ने उनको चाहना कहिल्यै कम नहोस् । यी २५ वर्षमा देश कहाँ पुग्यो भनेर हेर्नु महत्त्वपूर्ण भएकोसमेत मोदीले बताएका छन् ।

मोदीले भने, "हामी यसै राष्ट्रमा जन्मियौं भन्ने बोध नै 'अमृत' समान छ । यसको तुलनामा सत्ताको सुख फिक्का लाग्छ । पद र प्रतिष्ठा त जहाँ पनि पाउन सकिन्छ, तर भारतजस्तो पवित्र भूमि अन्यत्र कतै पाइँदैन। यी २५ वर्षको मूल्याङ्कन म कहाँ पुगेँ भन्ने आधारमा होइन, बरु मेरो देश कहाँ पुग्यो भन्ने आधारमा गरिनेछ ।"

उनले हामी सक्छौँ भन्दै छ ओटा संकल्प गरेका छन् । जसमा सन् २०४७ सम्म भारतलाई विकसित भारत बनाउने, विश्वको तेस्रो अर्थतन्त्र मुलुक बनाउने, विश्वव्यापी उत्पादन हब, ओलम्पिक खेलकुदको आयोजना, आत्मनिर्भर भारत र अन्तरिक्षमा कदम रहेका छन् ।

# मृत्युअघि नाना पाटेकरले भनेका थिए, 'मेरो सम्पत्ति १२ मन सुक्खा काठ हो, त्यसमै जलाउनू'

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २२ असोज**

बलिउड चर्चित अभिनेता नाना पाटेकरको बिहीबार बिहान ७५ वर्षको उमेरमा हृदयाघातका कारण निधन भयो । स्पष्टवक्ता र सादा जीवनशैलीका लागि परिचित पाटेकरका पुराना अन्तर्वार्ता अहिले फेरि चर्चामा आएका छन् । सन् २०२३ मा दिएको एउटा अन्तर्वार्तामा उनले मृत्यु, जीवन र सम्पत्तिबारे व्यक्त गरेका विचारले धेरैको ध्यान खिचेका थिए । 'मलाई थाहा छ, एक दिन म मर्नुपर्छ । मृत्युमा मेरो विश्वास छ,' उनले भनेका थिए, 'त्यसैले यी कुरामा मलाई खासै रुचि छैन । आफू कहिल्यै मर्दिनँ भन्ने सोच्नेहरू सम्पत्ति जम्मा गरिरहन्छन् ।'

सन् २०२३ मा उनको फिल्म 'द भ्याक्सिन वार' प्रदर्शनमा आएको थियो । त्यसै समय आसपास दिएको अन्तर्वार्तामा उनलाई चलचित्र क्षेत्रमा लामो समय काम गर्दा पनि आफूमा किन देखावटीपन र ग्ल्यामरको प्रभाव नपरेको भन्ने प्रश्न गरिएको थियो । जवाफमा उनले आफ्नो स्वभावअनुसार सीधा



कुरा गरेका थिए । 'मलाई थाहा छ, एक दिन जानैपर्छ । मलाई जलाउन १२ मन काठ चाहिन्छ । त्यही नै मेरो सम्पत्ति हो । म त्यसैसँग जानेछु,' उनले भनेका थिए । पाटेकरले आफ्नो अन्त्येष्टिका लागि सुक्खा काठसमेत राखेको बताएका थिए ।

उनको भनाइमा, उनले परिवारका सदस्यलाई आफूलाई जलाउँदा सुक्खा काठ नै प्रयोग गर्न भनेका थिए । 'मैले वास्तवमै सुक्खा काठ राखेको छु । मलाई त्यही काठमा जलाउनु भनेको छु । भिजेको काठ प्रयोग नगर्नू । त्यसबाट धुवाँ निस्कन्छ र साथीभाइ तथा वरपरका मानिसका आँखामा पर्छ,' उनले भनेका थिए ।

त्यसपछि उनले व्यङ्ग्यात्मक शैलीमा थपेका थिए, 'धुवाँले उनीहरूको आँखाबाट आँसु आउला । अनि म मर्ने बेलामा उनीहरू मेरो लागि रोइरहेका छन् भन्ने भ्रम पर्न सक्छ ।

# कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका ८ जना प्रतिवादीलाई पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २२ असोज**

धनुषा प्रहरीले विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका ८ जना प्रतिवादीलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार बिहीबार कार्यालय तथा मातहतका प्रहरी इकाइबाट खटिएको टोलीले खोजतलास तथा आवश्यक समन्वय गरी उनीहरूलाई पक्राउ गरेको हो । पक्राउ परेकामध्ये ५ जना लागूऔषध मुद्दाका प्रतिवादी छन् । उनीहरूमध्ये एक जनालाई २ महिना, अर्कालाई १ वर्ष कैदसहित ५ हजार रुपैयाँ जरिवाना, अर्का एक जनालाई १ महिना २६ दिन कैदसहित १२ हजार रुपैयाँ जरिवाना तथा अन्य दुई जनालाई क्रमशः २ महिना र १ महिना कैद सजाय तोकिएको प्रहरीले जनाएको छ । त्यस्तै, बैंकिङ कसुर मुद्दामा १५ दिन कैद सजाय तोकिएका एक जना र ठगी मुद्दामा सजाय तोकिएका एक जना गरी थप दुई जना पक्राउ परेका छन् । अदालतको फैसला कार्यान्वयन गर्ने क्रममा पक्राउ परेका सबै प्रतिवादीलाई आवश्यक कारबाहीका लागि धनुषा जिल्ला अदालतमा उपस्थित गराइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता एवं सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालका अनुसार अदालतबाट सजाय तोकिएपछि फरार रहेका प्रतिवादीको खोजी तथा पक्राउ अभियानलाई प्रहरीले निरन्तरता दिइरहेको छ ।

**व्यक्तिगत घटना दर्ता गरौं**

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**मिथिला नगरपालिका कार्यालय**
**धनुषा, मधेश प्रदेश**

**व्यक्तिगत घटना दर्ता गरौं**

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**बलवा नगरपालिका कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

**व्यक्तिगत घटना दर्ता गरौं**

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**विदेह नगरपालिका कार्यालय**
**धनुषा, मधेश प्रदेश**

**व्यक्तिगत घटना दर्ता गरौं**

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**भंगहा नगरपालिका कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

# किन जरुरी छ बिमा न्यायाधिकरण ?



बिमा प्राधिकरणलाई नियमन र प्रवर्द्धनसँगै जिल्ला अदालतसरह न्यायिक अधिकार दिइँदा स्वार्थको द्वन्द्व र संस्थागत सीमासम्बन्धी प्रश्न उठेको छ। दाबी विवाद निरूपण छुट्टै विशेषज्ञता, समय र प्रक्रियागत अनुशासन माग्ने भएकाले नियामक निकायमै यो जिम्मेवारी केन्द्रित हुनु प्रभावकारी देखिँदैन । बिमा दाबीसम्बन्धी ५४३ उजुरीमध्ये १५७ वटा मात्र फछ्र्योट भएको अवस्थामा ठूला पूर्वाधार आयोजनासँग जोडिएका विवादको ढिलाइले लगानी, ऋण असुली र समग्र आर्थिक गतिविधिमा असर पार्न सक्छ। त्यसैले नियमन/प्रवर्द्धन र न्यायिक विवाद निरूपणलाई अलग गर्दै स्वतन्त्र बिमा न्यायाधिकरण स्थापना गर्नु आवश्यक छ ।

बिमा न्यायाधिकरण गठनले प्राधिकरणको महत्त्व घटाउने नभई त्यसलाई मूल जिम्मेवारीमा केन्द्रित गराउनेछ र दाबी विवादको निष्पक्ष तथा विशेषज्ञतापूर्ण समाधान सुनिश्चित गर्नेछ। न्यायाधिकरण गठन नभएसम्म प्राधिकरणमा अदालती स्वरूपको अनिवार्य सुनुवाइ व्यवस्था तत्काल लागू गर्न सकिन्छ । एउटा परिकल्पनाबाट लेख सुरु गर्छु । आवश्यक शैक्षिक योग्यता हासिल गरेको व्यक्तिलाई कुनै जिल्लामा एकसाथ प्रमुख जिल्ला अधिकारी र जिल्ला न्यायाधीश दुवैको जिम्मेवारी दिइयो भने के होला ? उक्त व्यक्ति जतिसुकै योग्य, अनुभवी र इमानदार भएको अवस्थामा समेत शान्तिसुरक्षा कायम गर्ने कार्यकारी जिम्मेवारी र न्याय निरूपण गर्ने जिम्मेवारी एउटै व्यक्तिमा केन्द्रित हुनु आजको विश्वमा स्वाभाविक मान्न सकिँदैन । विद्यमान बिमा ऐन, २०७९ ले नेपाल बिमा प्राधिकरणलाई अन्य नियामकलाई जस्तै नियमनकारी र प्रवर्द्धनकारी निकायका रूपमा स्थापित गरेको छ । यसको पाँच सदस्यीय सञ्चालक समितिमा अध्यक्षसहित नेपाल सरकारका सहसचिव तहका प्रतिनिधिहरू तथा जीवन र निर्जीवन बिमा क्षेत्रका प्रतिनिधिहरू रहने व्यवस्था छ । यस्तै, बिमा प्राधिकरणले नेपाल सरकारसमक्ष वार्षिक प्रतिवेदन पेस गर्ने, बिमा प्राधिकरणलाई नेपाल सरकारले निर्देशन दिन सक्नेजस्ता प्रावधान राखिएका छन् । एकातर्फ बिमा प्राधिकरणको सञ्चालक समिति गठनको स्वरूप राष्ट्र बैंक, नागरिक उड्डयन प्राधिकरण, दूरसञ्चार प्राधिकरण र पर्यटन बोर्डजस्ता सबैजसो नियामक तथा प्रवर्द्धनकारी निकायका सञ्चालक समितिको गठनजस्तै छ । अर्कोतर्फ, बिमा क्षेत्रको नियमन र प्रवर्द्धन गर्ने मूल उद्देश्यलाई ओझेलमा पार्ने किसिमले बिमा प्राधिकरणको सञ्चालक समितिलाई न्याय निरूपण गर्ने गरी जिल्ला अदालतसरहको अति संवेदनशील अधिकारसमेत तोकिएको छ । बिमा ऐनको दफा ५ (झ) मा 'बिमा दायित्व निर्धारण सम्बन्धमा बिमकविरुद्ध बिमितले दिएको उजुरीउपर फैसला गर्ने', दफा १४७ (१) मा 'कामहरूका सम्बन्धमा प्राधिकरण आफैंले अनुसन्धान र जाँचबुझ गरी कारबाही र सजाय गर्न सक्ने' र १४७ (२) मा 'उल्लिखित प्रयोजनका लागि प्राधिकरणलाई यस ऐनबमोजिम प्राप्त अधिकारको अतिरिक्त जिल्ला अदालतलाई भएसरहको अधिकार हुनेछ' भन्ने प्रावधान छन् । यसरी बिमा क्षेत्रको नियमन र प्रवर्द्धन गर्ने मूल उद्देश्य बोकेको बिमा प्राधिकरणको सञ्चालक समितिलाई जिल्ला अदालतको न्याय निरूपण इजलासकै रूपमा तोकिनु कति स्वाभाविक हो ?

महत्त्वपूर्ण नियामक निकायहरू राष्ट्र बैंक, धितोपत्र बोर्ड, उड्डयन प्राधिकरण, दूरसञ्चार प्राधिकरणलाई सम्बधित ऐनहरूले सम्बन्धित क्षेत्रमा सिर्जित विवादहरूको न्यायिक निरूपण गर्ने जिल्ला अदालतसरहको न्यायिक अधिकार सुम्पेको छैन । न्याय परिषद्बाट नियुक्त नभएका व्यक्तिहरू रहेको कुनै एक नियामक निकायको सञ्चालक समितिलाई जिल्ला अदालतको इजलाससरह अधिकार सुम्पिएर बिमा दाबी विवादको न्यायिक निरूपण गर्न दिनु कति न्यायपूर्ण होला ? दाबीसम्बन्धी बिमा करारका सर्त, घटनाको प्रकृति, क्षतिको वास्तविकता र उपलब्ध अन्य प्रमाण परीक्षण गरेर दाबीकर्तालाई क्षतिपूर्ति भुक्तानी गर्नुपर्ने वा नपर्ने तथा गर्नुपर्ने भए कति दिने भन्ने निर्णय बिमा कम्पनीले गर्छ । यस प्रक्रियामा क्षतिपूर्ति माग गर्ने बिमित र क्षतिपूर्ति दिने दायित्व बोकेको बिमा कम्पनीबीच मतभेद र विवाद उत्पन्न हुनु स्वाभाविक हो । त्यसमाथि, विश्वभर बढिरहेको झूटो तथा अतिरञ्जित बिमा दाबीका कारण दाबी व्यवस्थापन थप संवेदनशील बन्दै गएको छ । नेपालमा व्यक्तिगत पहुँच, भनसुन वा दबाबमार्फत बिमा दाबी पाइन्छ भन्ने मानसिकता बढेकाले दाबी व्यवस्थापन अझ जटिल भएको छ ।

बिमा ऐन, २०७९ ले बिमा प्राधिकरणका विभिन्न २० वटा काम, कर्तव्य र अधिकार सूचीकरण गरेको छ । जसमध्ये बिमाका विभिन्न पक्षबीच उत्पन्न विवाद निरूपण गर्ने जिम्मेवारी पनि एक हो । आफ्नो मूल उद्देश्यबमोजिम बिमा क्षेत्रको नियमन, सुपरिवेक्षण, विकास, नीति निर्माण, बिमा पहुँच विस्तार, बिमा कम्पनीहरूको संस्थागत सुशासन र जोखिम व्यवस्थापनलगायत अन्य १९ वटा काम, कर्तव्य र अधिकारतर्फ बिमा प्राधिकरण केन्द्रित हुनु स्वाभाविक छ । मुद्दा दर्तादेखि मिसिल तयार गर्ने, पक्षहरूलाई झिकाउने, कागजात तथा प्रमाण संकलन गर्ने, सुनुवाइ गर्ने, निर्णयको कारण र आधारसहित पूर्ण पाठ तयार गर्ने तथा फैसला कार्यान्वयन गराउनेलगायतका कार्यप्रक्रिया गर्नुपर्ने भएकाले न्याय निरूपण नितान्त फरक र छुट्टै विशेषज्ञता, समय, जनशक्ति र उच्च प्रक्रियागत अनुशासन आवश्यक हुने कार्य हो । पुछारमा २०औं नम्बरमा रहेको यो फरक जिम्मेवारी बिमा प्राधिकरणमा ओझेलमा पर्नु स्वाभाविक हो ।

नेपालको निर्जीवन बिमा क्षेत्रले वार्षिक अर्बौं रकम प्रिमियमका रूपमा संकलन गरी त्यसमध्ये ठूलो रकम दाबी भुक्तानी गर्छ । ठूला पूर्वाधार आयोजनाहरूमा बिमाको भूमिका बढेको छ । बैंकिङ, पुँजी बजार र बिमा एकअर्कासँग गहिरो रूपमा जोडिएका छन् । बिमा दाबीको वित्तीय आकार बढेकाले दाबी विवादहरू पनि जटिल बन्दै गएका छन् । गत वैशाखसम्म नेपाल बिमा प्राधिकरणमा परेका ५४३ उजुरीमध्ये १५७ वटा (करिब २९ प्रतिशत) मात्र फछ्र्योट भएका छन् । विशेष गरी जलविद्युत्, सडक, पुल र अन्य ठूला पूर्वाधार आयोजनासँग सम्बन्धित बिमा दाबी विवादको वित्तीय आकार ठूलो हुने भएकाले यस्ता विवाद लामो समयसम्म समाधान नहुँदा सम्बन्धित आयोजनाको वित्तीय व्यवस्थापन, लगानीकर्ताको प्रतिफल, बैंकको ऋण असुली र समग्र आर्थिक गतिविधिमै असर गर्छ । त्यसैले बिमा दाबी विवादको शीघ्र, विशेषज्ञतापूर्ण र निष्पक्ष निरूपण नहुँदा बृहत् आर्थिक विकासमा अवरोध हुन्छ ।

बिमा न्यायाधिकरणको स्थापना गर्नु भनेको नेपाल बिमा प्राधिकरणको मूल अधिकार वा महत्त्व घटाउनु होइन । बिमा न्यायाधिकरणको स्थापनाले त बिमा प्राधिकरणलाई आफ्नो मूल जिम्मेवारीमा अझ केन्द्रित हुन सहयोग पुर्‍याउनेछ । नेपालमा पनि संस्थागत स्वार्थको द्वन्द्व हुन नदिन तथा प्रभावकारिता बढाउन कतिपय सार्वजनिक संस्थालाई विभाजन गर्ने प्रक्रिया अगाडि बढेको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणलाई नियामक र सेवाप्रदायक गरी दुई निकाय बनाउने प्रक्रिया सुरु भइसकेको छ । विद्युत् क्षेत्रमा पनि उत्पादन, प्रसारण र वितरणका फरक जिम्मेवारीलाई संस्थागत रूपमा पृथकीकरण गर्ने बहस र प्रक्रिया अगाडि बढेको छ । यी सबै प्रयासको मूल उद्देश्य जिम्मेवारीको स्पष्ट सीमांकन, संस्थागत जवाफदेही र स्वार्थको द्वन्द्व हुने सम्भावनाको न्यूनीकरण नै हो । बिमा क्षेत्रमा पनि नियमन/प्रवर्द्धन र न्यायिक विवाद निरूपणलाई पृथक् गर्ने विषयलाई यही सुशासन सुधारको एउटा भागका रूपमा हेर्नुपर्छ । बिमा नियमन/प्रवर्द्धन र बिमा दाबी विवाद निरूपण कार्यलाई पृथक् रूपमा सम्पादन गर्ने अभ्यास धेरै मुलुकमा देखिन्छ ।

भारतमा बिमा क्षेत्रको नियमन र विकासको जिम्मेवारी बोकेको भारतीय बिमा नियामक तथा विकास प्राधिकरण (आईआरडीएआई) मा बिमा दाबीको न्याय निरूपण गर्ने अधिकार छैन । त्यसका लागि बेग्लाबेग्लै संयन्त्र छन् । जस्तै, बिमा विवाद समाधान नियोगको व्यवस्था छ भने सवारी दुर्घटनाबाट हुने मृत्यु, शारीरिक चोटपटक वा तेस्रो पक्षको सम्पत्तिमा भएको क्षतिसम्बन्धी क्षतिपूर्तिको दाबीबारे निर्णय र समाधान गर्न विशेष न्यायिक निकाय मोटर एक्सिडेन्ट क्लेम्स ट्रिब्युनल्सको व्यवस्था छ । बेलायतमा पनि बिमा क्षेत्रको नियमन र सुपरिवेक्षण गर्ने निकायलाई बिमा दाबीसम्बन्धी विवादको न्यायिक निरूपणको जिम्मेवारी दिइएको छैन ।

त्यहाँ उपभोक्ता र वित्तीय संस्थाबीचका विवाद समाधानका लागि वित्तीय गुनासो तथा विवाद समाधान सेवाजस्ता छुट्टै संयन्त्र सञ्चालनमा छ । यसले नियमन तथा प्रवर्द्धन गर्ने निकाय र दाबी विवादको स्वतन्त्र निरूपण गर्ने निकाय संस्थागत रूपमा अलग हुनुपर्ने बताउँछ । देशको आर्थिक, सामाजिक सुधारको पहिलो आवश्यकता स्पष्ट र उद्देश्यमूलक कानुनी व्यवस्था हो ।

साभार : कान्तिपुर ।

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"





सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन बिमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

अनुरोधकर्ता
मटिहानी नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन बिमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

अनुरोधकर्ता
मनरासिश्वा नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday